# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ६) घ्याङलेख, पुस २० गते, २०७९ साल (अतिरिक्ताङ्क ०५

## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

नेपालको संविधान, २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ साल ऐन नं. ०५**

घ्याङलेख गाउँपालिका

## घ्याङलेख गाउँपालिकाको गाउँपालिका प्रहरी ऐन, २०७९

**प्रस्तावना :** गाउँपालिकाको सार्वजनिक सम्पतिको संरक्षण लगायत समुदायमा स्थानीय कानूनको परिपालना गराई सुव्यवस्था कायम राख्न गाउँपालिकाको आफ्नै गाउँ प्रहरी संगठन स्थापना र संचालन गर्न वान्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८(१) र धारा २२६(१) द्वारा प्रदत्त अधिकारको प्रयोग गरी घ्याङलेख गाउँपालिकाको गाउँ सभाले गाउँपालिका प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न यो ऐन जारी गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नामः **"घ्याङलेख गाउँपालिकाको गाउँपालिका प्रहरी ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन घ्याङलेख गाउँपालिका भरमाा लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए देखि लागू हुनेछ ।

२. **परिभाषा** : वषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"ऐन"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ प्रहरी ऐन, २०७९ सम्झनुपर्छ ।

(ख) **"गाउँपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकालाई सम्झनुपर्छ ।

(ग) **"अध्यक्ष"** भन्नाले घ्याङलेख गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले घ्याङलेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) **"गाउँपालिका प्रहरी"** भन्नाले यस ऐन अन्तर्गत याङलेख गाउँपालिकामा नियुक्ती भएका प्रहरी कर्मचारीलाई सम्झनुपर्छ ।

(च) **"गाउँपालिका प्रहरी प्रमुख"** भन्नाले जुनियर डयूटी अफिसरलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## गाउँपालिका प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

**३. गाउँपालिका प्रहरीको गठन :** (१) यस ऐन बमोजिम गाउँपालिकामा एक पालिका प्रहरीको गठन गरिने छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण गाउँ कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

**४. गाउँपालिका प्रहरी सेवाको रेखदेख र नियन्त्रण**: (१) गाउँपालिकामा गठन हुने प्रहरी सेवाको रेखदेख र नियन्त्रण यस ऐन र प्रचलित कानून बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद- ३

## गाउँपालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. पालिका प्रहरी कर्मचारीको कर्तव्य :** (१) पालिका प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको चल अचल सम्पतिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँपालिका सरसफाई सम्वन्धी मापदण्ड,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्वन्धि खोजी, उद्धार, राहत तथा पुनःस्थापना,

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पतिको संरक्षण, चोरी निकासी नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यालयले तोकेको अन्य कार्य ।

## परिच्छेद-४

## तह सिर्जना र पदपूर्ति

६. **पालिका प्रहरीको दरवन्दी सृजना :** (१) गाउँपालिकामा रहने पालिका प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी सम्वन्धी कार्य कार्यपालिकाले गर्नेछ ।

(२) पालिका प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण सृजना र खारेजी सम्वन्धी कार्य गाउँ कार्यपालिकाले गर्नेछ ।

७. **गाउँपालिका प्रहरीमा रहने पदहरुः** (१) पालिका प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछन् :-

| | |
|---|---|
| (क) गाउँपालिका प्रहरी सहायक निरीक्षक | (सहायक स्तर, पाँचौं, ईन्चार्ज) |
| (ख) गाउँपालिका प्रहरी हवल्दार | (सहायक स्तर, चौथों ) |
| (ग) गाउँपालिका प्रहरी जवान | (सहायक स्तर, दोस्रो) |

८. **पदपूर्ति समिति गठनः** (१) गाउँ कार्यपालिकाको बैठकले पालिका प्रहरी पदपूर्ति समितिको गठन गर्न सक्नेछ । तर गाउँपालिका स्थानीय सेवा ऐनमा रहेको पदपूर्ति समिति क्रियाशील भएमा सोही समितिले गाउँ प्रहरी पदपूर्ति समितिको कार्य गर्न सक्नेछ ।

**९. करार सेवामा नियुक्ति गर्नु पर्नेः** (१) यस ऐनमा जुनसुकै कुरा उल्लेख गरिएतापनि तत्काल पालिका प्रहरीको कुनै पद पदपूर्तिको लागि रिक्त पदमा तोकिए बमोजिमका तहमा कायम गर्ने गरी करारमा नियुक्ति गर्नु पर्नेछ ।

**१०. गाउँ प्रहरीको आवश्यक योग्यताः** (१) गाउँ प्रहरीको योग्यता सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) **गाउँपालिका प्रहरी सहायक निरीक्षकः** कुनै पनि विषयमा प्रमाण पत्र तह वा १२ कक्षा उतिर्ण गरी २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(ख) **गाउँपालिका प्रहरी सहायक चौथो (हवल्दार):** कुनै पनि विषयमा माध्यमिक तहको एस.एल.सी.वा एस.इ.इ. परीक्षा उतिर्ण गरी २१ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(ग) **गाउँपालिका प्रहरी जवान (सहायक दोस्रो):** आधारभूत शिक्षा वा सो सरह उतिर्ण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(२) उपदफा (१) को (क), (ख) र (ग) बमोजिम पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत भएका वा उपदान लिई राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

(३) दफा ७ को उपदफा (१) (क),(ख) र (ग) बमोजिम गाउँ प्रहरीको नियुक्ति गर्दा पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछ ।

**११. विज्ञापन सम्वन्धी व्यवस्थाः** पालिका प्रहरीको भर्नाको लागि विज्ञापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

घ्याङलेख गाउँपालिका

## परिच्छेद-५

## सजाय र पुनरावेदन

**१२. सजायः** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहाय बमोजिम सजाय गर्न सकिनेछः

(क) नसिहत दिने,

(ख) तलब बृद्धि हुने भएमा रोक्का गर्ने,

(ग) तल्लो तहमा घटुवा गर्ने,

(घ) लापारबाही गरी गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएमा सम्पूर्ण वा आंशिक रुपमा तलब, भत्ताबाट कट्टा गरी असुल उपर गर्ने,

(ङ) भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने,

(च) भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने ।

**१३. नसिहत दिने :** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने तोकिए बमोजिमको आफ्नो काम, कर्तव्य पुरा नगर्ने गाउँपालिका प्रहरी कर्मचारीलाई नसिहत दिइनेछ ,

(२) उपदफा (१) बमोजिम एक वर्षमा ३ पटक भन्दा बढि नसिहत पाएका गाउँ प्रहरी कर्मचारीलाई प्रक्रिया पुरा गरी सेवाबाट हटाईनेछ

**१४. तलब वा बढुवा रोक्का गर्नेः** गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब, भत्ता रोक्का गर्न सक्नेछ ।

**१५. तह वा तलब घटाउनेः**(१) कुनै गाउँ प्रहरी कर्मचारीले देहाय बमोजिमको कसुर गरेमा निजलाई एक तह घटुवा गरी सोही घटुवा भएको तहको तलब, भत्ता उपलब्ध गराईनेछ ।

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहिन काम गरेमा ,

(ग) आचारण सम्वन्धी कानूनको उल्लंघन गरेमा,

(घ) गाउँपालिकाले दिएको आदेश, निर्देशन नमानेमा,कार्यान्वयन नगरेमा,

(ङ) मनासिब माफिकको कारण विना विदा स्वीकृत नगराई विदा बसेमा,

(च) तोकिए बमोजिमको जिम्मेवारीमा लापारबाही गरेमा वा पुरा नगरेमा

**१६. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) पालिका प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ :

(क) अयोग्यताका कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बारम्बार अनुशासनहीन काम गरेमा,

(घ) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा,

(ङ) कार्यालय समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसुर गरेमा,

(छ) पदीय जिम्मेवारी अनुसारको आचारण नगरेमा,

(च) आचारण सम्वन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

**१७. सजाय सम्वन्धी कार्यविधिः** (१) प्रहरी कर्मचारीलाई सजाय गर्न र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ। त्यस्तो सफाई पेश गर्न आदेश दिंदा लगाइएका आरोपहरु स्पष्ट रुपमा किटान हुनु पर्नेछ । त्यस्तो प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको बारेमा लिखित रुपमा स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

**तर**, भागी पत्ता नलागेमा वा सम्पर्क स्थापित गर्न असम्भव भएको पालिका प्रहरी कर्मचारीको सम्वन्धमा यस ऐन बमोजिमको रीत पुऱ्याउनु पर्नेछ।

**१८. पुनरावेदन लाग्ने:** दफा १३ बमोजिमको कारवाहीमा चित्त नबुझेमा पैतिस दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

**परिच्छेद-६**

**तलब, भत्ता, सेवा सम्वन्धी व्यवस्था**

**१९. तलब, भत्ता, राशन, विदा तथा अन्य सुविधा:** (१) गाउँ प्रहरीको तलब, भत्ता, राशन विदा तथा अन्य सेवा शर्त र सुविधा यस ऐन, नियम र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) कार्यालयलाई गाउँ प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्यसम्पादनको आधारमा करारको म्याद आवश्यकत्ता अनुसार दुई वर्षमा नबढ्ने गरी वा आवश्यक्ता अनुसार थप गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य सम्पादन स्तर सन्तोषजनक नरहेको गाउँ प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्ध गर्न सक्नेछ।

**परिच्छेद-७**

**पोशाक र दर्ज्यानी चिन्ह**

**२०. पोशाक र दर्ज्यानी चिन्ह :** गाउँ प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्वन्धी व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-८

## विविधि

२१. **तालिमः** छनौट भएका गाउँ प्रहरीलार्य औपचारिक जिम्मेवारीमा खटाउनु पूर्व नेपाल प्रहरी संग समन्वय गरी न्यूनतम सात दिन देखि एक महिना सम्मको आधारभूत तालिम प्रदान गरिनेछ।

२२. **पुरुस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने गाउँ प्रहरीलाई गाउँपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ।

२३. **कार्यसम्पादन प्रक्रियाः** कार्यालयले गाउँ प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागु गर्न सक्नेछ।

२४. **नियम बनाउने अधिकारः** यस ऐनको उद्धेश्य कार्यन्वयन गर्न कार्यपालिकाले आवश्यक पर्ने नियम तथा कार्यविधि बनाउन सक्नेछ।

**प्रमाणीकरण मिति :- २०७९।१२।०६**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका